"जनआकांक्षा पूरा गर्ने हाम्रो संकल्पः दिगो विकास र सुशासन मात्र विकल्प"

# आर्थिक बर्ष २०८२/०८३ को
# आय व्यय विवरण
# बजेट, योजना तथा कार्यक्रम

सुनिलस्मृति गाउँपालिका
सुलिचौर, रोल्पा
लुम्बिनी प्रदेश
२०८२/०३/०९

## सुनिलस्मृति गाउँपालिकाको अठारौं गाउँसभाको दोस्रो बैठकमा गाउँपालिका उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक मिना थापाले मिति २०८२ असार ०९ गते पेश गर्नुभएको

# आ.ब. २०८२/०८३ को
# बजेट, योजना तथा कार्यक्रम

सुनिलस्मृति गाउँपालिका
सुलिचौर, रोल्पा
लुम्बिनी प्रदेश
२०८२/०३/०९

सुनिलस्मृति गाउँपालिकाको अठारौं गाउँसभाका सभाध्यक्षज्यू,सभाका सदस्यज्यूहरु, विभिन्न राजनितिक दलका प्रमुख एंव प्रतिनिधिज्यूहरु, समाजसेवी तथा वुद्विजीवीहरु, पत्रकार, सुरक्षाकर्मी, सम्पुर्ण राष्ट्र सेवक कर्मचारी तथा उपस्थित सम्पुर्ण बुबा, आमा, दाजु भाई तथा दिदीवहिनीहरु,

(१) नेपाल र नेपालीको स्वतन्त्रता, सार्वभौमिक अधिकार, स्वाधिनता, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसाथ गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, सामाजिक न्याय सहितको विकास र समृद्धिको आकांक्षा पूरा गर्ने मूल लक्ष्य नेपालको संविधानको रहेको छ । नेपालको संविधानले सहकार्य, सहअस्तित्व र समन्वयका आधारमा सञ्चालित तीन तहको सरकारको व्यवस्था गरेको छ । नेपालको संविधानको अनुसूची-८ मा उल्लेखित स्थानीय तहको अधिकारको सूची र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को आधिनमा रहि सवै स्थानीय सरकारहरुले स्थानीय स्वायत्त शासनको सञ्चालन गरिरहेका छौ । आज म सुनिलस्मृति गाउँपालिकाको तर्फबाट यो अठारौं गरिमामय गाँउसभामा आगामी आर्थिक वर्ष २०८२/०८३ को आय व्ययको अनुमानित विवरण र योजना तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्षित र गौरवान्वित भएकी छु ।

(२) राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, दश वर्षे जनयुद्ध, सशस्त्र संघर्ष, त्याग र वलिदानीको उपज स्वरुप असल शासनको अभ्यास गर्न पाएका छौ । यो उपलव्धिका लागि आफ्नो ज्यान उत्सर्ग गर्ने सहिदहरु उच्च सम्मानभाव सहित श्रद्धाञ्जली अर्पण गर्दछु साथै जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु, शहिद परिवार, वेपत्ता पारिएका व्यक्ति र उत्पिडित नागरिकहरुमा उच्च सम्मानका साथ हार्दिक कृतज्ञता प्रकट गर्न चाहान्छु ।

(३) संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अन्तर्गतको दोस्रो स्थानीय तह निर्वाचनवाट सुनिलस्मृतिबासी जनताको अमूल्य मतले निर्वाचित भई सुशासन र विकासको अभिभारा बोकेर आएका हामीले स्थानीय शासन सम्वन्धी अभ्यासको तीन बर्षको सुनौलो अनुभव हाँसिल गरिसकेका छौ भने जनताका पीर मर्का सुख दुख र समस्याहरुसँग सँगसँगै हालेमालो गरि अगाडी बढिरहेका पनि छौं ।

(४) उपलव्ध स्रोत साधनको न्यायोचित र महत्तम परिचालन गर्दै स्थानीय आवश्यकता र मागको संवोधन गर्ने, सहभागितामूलक शासन पद्धति मार्फत स्थानीय नेतृत्व विकास गर्ने, विद्यमान सामाजिक आर्थिक सास्कृतिक र पर्यावरणीय लगायतका बहुआयामिक विविधताको पहिचान, संरक्षण र प्रवर्द्धन गर्ने साथै समानुपातिक र समावेशी सामाजिक विकास मार्फत सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्ने दिशामा हामी सवै उद्धत नै छौ ।

(५) विगतको सत्प्रयास र सोवाट सिर्जित नतिजाले पूर्ण सन्तुष्ट हुन नसके पनि सकारात्मकता तर्फ उन्मुख नतिजाले हामी पक्कै पनि हर्षित नै छौ । स्थानीय अर्थतन्त्रको आत्मनिर्भरताको अभावका कारणले हामीले प्रतिवद्धता गरे अनुरुपका कार्यक्रमहरु एकै साथ सञ्चालन गर्न नसकेको अवस्था स्वाभाविक र यथार्थ नै हो । आन्तरिक राजस्वको न्यूनता र अन्तरसरकारी वित्तमा निर्भर स्थानीय अर्थतन्त्रका कारण हामी संकुचन हुनु परेको सत्य नै हो । त्यसका वावजुद उपलव्ध सिमीत वित्तीय स्रोतको मितव्ययी र लाभदायी परिचालन मार्फत अधिकतम उपलव्धी हासिल गर्नेमा हाम्रो ध्यान केन्द्रित रहेको छ ।

(६) **सभाध्यक्ष महोदय, अव म चालु आ.व. २०८१।०८२ मा विनियोजित बार्षिक वजेटबाट हालसम्म भएको खर्च तथा देखिएको प्रगति सहितको आर्थिक अवस्थाको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहान्छुः**

चालु आ.व. २०८१।०८२ का लागि रु ५४ करोड ८१ लाख ९१ हजार १ सय ६० रुपैया को सुरु अनुमान र कूल रु ५५ करोड ६१ लाख ६५ हजार ७ सय ८३ रुपैया संशोधित अनुमान मध्ये चालु तर्फ रु ३९ करोड २३ लाख २८ हजार ४ सय ३६ रुपैया र पूँजीगत तर्फ रु १६ करोड २४ लाख ६२ हजार ७ सय २४ रुपैया संशोधित अनुमान (सामाजिक सुरक्षा वाहेक) सहित बार्षिक बजेट तथा कार्यक्रम पारित गरी लागु गरेका थियौ। मिति २०८२ असार ८ गते सम्म उक्त अनुमानित आय मध्ये रु ४९ करोड ९९ लाख ७३ हजार ८१४।२१ पैसा अर्थात कूल संसोधित अनुमानको ८९।९ प्रतिशत मात्र वास्तविक आय भएको छ । जस मध्ये रु ३३ करोड ५० लाख ७० हजार ७९०।०६ पैसा अर्थात कूल आम्दानीको ६७।०२ प्रतिशत खर्च भैसकेको छ । कूल खर्चमध्ये चालुतर्फ रु २६ करोड ६९ लाख ७३ हजार ८४५।०६ अर्थात कूल वास्तविक आयको ५३।४० प्रतिशत र पूँजिगत तर्फ रु ६ करोड ८० लाख ९६ हजार ९४५ अर्थात कूल वास्तविक आयको १३।६२ प्रतिशत खर्च भएको छ । चालु आ.व. को जेष्ठ मसान्त सम्ममा संघीय समानिकरण वापत प्राप्त हुनुपर्ने रु ८३ लाख ३० हजार ६४० रुपैया त्यसैगरी राजस्व वाँडफाँड वापत प्राप्त हुनु पर्ने रकम रु २ करोड ४२ लाख २२ हजार ६८३।८८ पैसा गरी कूल रु ३ करोड २५ लाख ५३ हजार ३२३।८८ पैसा रकम अझै प्राप्त हुन सकेको छैन जसबाट चालु आ.व. मा कार्यसम्पन्न भइ भूक्तानीका लागि पेश भएका योजना तथा कार्यक्रमहरुको भूक्तानी दिन समेत नसकिएको अवस्था छ भने आगामी आ.व. मा दायित्व भूक्तानीको संख्या अत्यधिक बढ्न गइ नयाँ तथा अत्यावश्य योजना तथा कार्यक्रमहरुमा रकम विनियोजन गर्न नसकिने अवस्था रहेको छ।

**सभाध्यक्ष महोदय** चालु आ.व. को हाल सम्ममा विषय क्षेत्रगत रुपमा **आर्थिक विकासतर्फ** रु २ करोड २६ लाख ९१ हजार ८५९ अर्थात आर्थिक विकासतर्फ विनियोजित बजेटको ४५।९० प्रतिशत **सामाजिक विकास तर्फ** रु ३१ करोड २७ लाख ९८ हजार ४८८ पैसा अर्थात सामाजिक विकासतर्फ विनियोजित बजेटको ६१।२३ प्रतिशत **पूर्वाधार विकासतर्फ** रु ९ करोड ७ लाख १३ हजार ४०० अर्थात पूर्वाधार विकास तर्फ विनियोजित बजेटको ४५।९६ प्रतिशत **सेवा प्रवाह र सुशासन तर्फ** रु १ करोड ३१ लाख ७४ हजार अर्थात सेवा प्रवाह र सुशासनतर्फ विनियोजित बजेटको ८०।९५ प्रतिशत र **कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ** रु ११ करोड ५४ लाख १३ हजार ४१३ अर्थात कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ विनियोजित कूल बजेटको ६९।९८ प्रतिशत रकम खर्च भैसकेको अवस्था छ । यस आ व मा सञ्चालित १६ वटा क्रमागत ठुला योजनाहरु मध्ये ५ वटा योजनाहरु सम्पन्न भै सकेका छन् भने अरेश स्वास्थ्य चौकी भवन सहित ११ वटा ठुला योजनाहरु रकम अभाव लगायतका कारणले चालु आ.व. मा सम्पन्न हुन नसकि आगामी आ व का लागि क्रमागत योजनाकै रुपमा बजेट विनियोजन गर्नु पर्ने बाध्यता सिर्जना भएको छ ।

प्रस्तुत पृष्ठभूमी र सन्दर्भमा सारभूत सहभागितामूलक प्रणालीलाइ पूर्णत: अवलम्वन गर्दै सामाजिक न्याय र समतामूलक सिद्धान्तको आधारमा उपलव्ध सिमित श्रोत साधानको न्यायपूर्ण वितरण गर्ने लक्ष्य सहित आ.व. २०८२/०८३ को आय व्यय अनुमान सहितको बजेट तथा कार्यक्रम तयार पारिएको छ ।

**सभाध्यक्ष महोदय, अब म वजेट तर्जुमाका आधारहरु प्रस्तुत गर्न चाहान्छु।**

वजेटका तर्जुमाका आधारहरु यस प्रकार रहेका छन्

क) नेपालको संविधान,

ख) स्थानीय सरकार सञ्चालन ऐन,२०७४

ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

ङ) संघीय र प्रदेश सरकारद्वारा जारी गरिएका नीति, कानून र मापदण्डहरु

च) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७८

छ) सुनिलस्मृति गाउँपालिकाको योजना तर्जुमा दिग्दर्शन २०८०

ज) नेपालले अंगिकार गरेका दिगो विकासका लक्ष्यहरु

झ) नेपालको सोह्रौ पञ्चवर्षिय योजना र

ञ) गाउँपालिकाको आवधिक योजना

ट) गाउँपालिकाको मध्यमकालीन खर्च संरचना

**सभाध्यक्षज्यू अब म बजेटका प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्ने अनुमती चाहन्छुः**

आ.ब.२०८२/०८३ का प्राथमिकताका क्षेत्रहरु देहाय बमोजिम रहका छन्:

१. सामाजिक न्याय समावेशीकरण र लैंगिक समानता

२. कृषि विकास पशु स्वास्थ्य तथा आधारभूत स्वास्थ्य सेवाको भरपर्दो पहूँच गुणस्तरीय शिक्षाका लागि आमूल परिवर्तन सहितको आर्थिक तथा सामाजिक विकास,

३. स्थानीय सरकारको संस्थागत विकास, सुशासन र सेवा प्रवाह,

४. गुणस्तरीय र भरपर्दो पूर्वाधार विकास,

५. रोजगारी सिर्जना र गरिवी निवारण,

६. अधिकतम् जनसहभागिता र जनशक्ति परिचालन,

७. दीगो विकास, वातावरण संरक्षण सरसफाई र स्वच्छता तथा विपद व्यवस्थापन

८. राजश्व परिचालन तथा आत्मनिर्भर स्थानीय सरकार

**सभाध्यक्ष महोदय अब म आ व २०८२।०८३ को बजेटका उद्धेश्यहरु प्रस्तुत गर्ने अनुमती चाहन्छुः**

१. सामाजिक, आर्थिक, लैंङ्गीक, धार्मिक, साँस्कृतिक असमानताको अन्त्य गर्दै समतामूलक र सामाजिक न्याय सहितको उन्नत समाजको निर्माण गर्ने,

२. स्थानीय स्तरमै रोजगारी सिर्जना गरी गरिवी न्यूनीकरण गर्ने,

३. आधारभूत भौतिक पूर्वाधार विकासका माध्यमबाट नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउने,

४. वैज्ञानिक कृषि प्रणाली अवलम्बन गरी कृषिको आधुनिकीकरण, विविधिकरण तथा व्यवसायीकरणमा जोड दिने,

५. लामो तथा छोटो अवधिका व्यवसायीक तथा सीपमुलक तालिमका माध्यमबाट सीपयुक्त जनशक्ति उत्पादन गरी रोजगारीको सिर्जना गर्ने,

६. आधारभूत मानवअधिकारको संरक्षण र सम्वर्धन गर्दै शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी लगायत जनताको आधारभूत सेवा प्रतिको पहुँच सुनिश्चित गर्ने,

७. सूचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार नियन्त्रण मार्फत सुशासन प्रवर्धन गर्ने,

८. राजश्व परिचालन, करको दायरा वृद्धि तथा राजश्व चुहावट नियन्त्रण गरी आन्तरिक आयमा वृद्धि गर्ने ।

**सभाध्यक्ष महोदय, अव म आ.व. २०८२।०८३ को वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छुः**

आ.व.२०८२।०८३ मा सुरु आय अनुमान कूल रु. ५६ करोड १४ लाख २ हजार ९४९ रुपैया रहेको छ । कूल आय अनुमानको स्रोत देहाय वमोजिम प्रक्षेपण गरिएको छ।

| सि.नं. | स्रोत | रकम |
|---|---|---|
| १ | नेपाल सरकार समानीकरण अनुदान | १०३१००००० |
| २ | नेपाल सरकार शसर्त अनुदान | २६४७००००० |
| ३ | नेपाल सरकार विशेष अनुदान | ६८००००० |
| ४ | नेपाल सरकार समपूरक अनुदान | ८९००००० |
| ५ | राजस्व वाँडफाँट संघीय सरकार | १०६४००००० |
| ६ | लुम्विनि प्रदेश सरकार समानीकरण अनुदान | ६८७३००० |
| ७ | शसर्त अनुदान लुम्विनी प्रदेश सरकार | १२५००००० |
| ८ | समपुरक अनुदान लुम्विनी प्रदेश सरकार | ७५००००० |
| ९ | प्रदेश सरकार विशेष अनुदान | २०००००० |
| ९ | राजस्व वाँडफाँड लुम्विनी प्रदेश सरकार | १०२३९००० |
| १० | आन्तरिक राजस्व आम्दानी | १०९८४९४९ |
| ११ | बैंक नगद मौज्दात | २१४०६००० |
| | **कूल अनुमानित आय** | **५६१४०२९४९** |

(७) सन्तुलित वजेटको सिद्धान्त अनुसार अनुमानित रु. ५६ करोड १४ लाख २ हजार ९४९ रुपैया रहेकोमा सोही वरावरको व्यय हुने गरी वजेट विनियोजन गरिएको छ । जसमध्ये ४१ करोड ५३ लाख ५३ हजार रुपैया चालु खर्च तर्फका कार्यक्रमको लागि विनियोजन गरिएको छ भने पूँजीगततर्फ १४ करोड ६० लाख ४९ हजार ९ सय ४९ रुपैया विनियोजन गरिएको छ। यसरी कुल खर्चमा चालु खर्च र पूँजीगत खर्चको अनुपात क्रमशः ७३.९९ % र २६.०१% रहेको छ । क्षेत्रगत विकासका दृष्टिकोणले हेर्दा विनियोजित रकम मध्ये क्षेत्रगत व्यय अनुमान देहाय वमोजिम रहेको छ ।

- **आर्थिक विकास तर्फः** कृषि क्षेत्रको विकास विस्तार व्यवसायिकरण तथा आधुनिकिकरण, उद्योग तथा वाणिज्य क्षेत्रको विकास र विस्तार, पर्यटन प्रवर्धन, सहकारी र वित्तिय क्षेत्रको विकास र विस्तार जलस्रोत तथा सिंचाई विस्तार वन वातावरण तथा जलवायू सन्तुलन कायम राखि आर्थिक विकासका

सूचकहरु मजवुत बनाउन संघीय सरकार र प्रदेश सरकारबाट सशर्त अनुदान मार्फत हस्तान्तरित कार्यक्रम बाहेक गाउँपालिकाबाट रु २५ लाख ०६ रुपैया रकम विनियोजन गरिएको छ ।

- **सामाजिक विकास तर्फः** शिक्षा क्षेत्रको गुणस्तर अभिबृद्धि, आधारभूत स्वास्थ्य सेवाको पहूँचमा विस्तार, स्वच्छ खानेपानीको सुनिश्चितता तथा सरसफाई, संस्कृति प्रर्वद्वन, खेलकूद तथा मनोरञ्जन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सामाजिक सुरक्षा तथा संरक्षण यूवाशक्तिको परिचालन समग्र विकास र विस्तारको लागि रु ५ करोड ५८ लाख ९१ हजार रकम विनियोजन गरिएको छ ।
- **पूर्वाधार विकास तर्फः** स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) र संचार क्षेत्रको समग्र विकास र विस्तारको लागि रु. ६ करोड ८७ लाख ०५ हजार ९ सय ४९ रुपैया रकम विनियोजन गरिएको छ ।
- **वन, वातावरण तथा विपद व्यवस्थापन तर्फः** वन तथा भू संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तत, फोहर मैला तथा ढल व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन र वारुण यन्त्र सञ्चालन आदि कार्यको लागि रु ९ लाख २८ हजार रुपैया रकम विनियोजन गरिएको छ ।
- **संस्थागत विकास सेवा प्रवाह र सुशासन तर्फः** सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सुचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रर्वद्वन, अनुसन्धान तथा विकास श्रम तथा रोजगारी मानव संसाधन विकास सुशासन तथा अन्य अन्तरसम्वन्धित विषयहरुमा काम गर्नका लागि रु १३ करोड ०९ लाख ७२ हजार रकम विनियोजन गरिएको छ ।

(८) सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राहिमैत्री बनाउन तथा चुस्त, सक्षम, प्रभावकारी र भ्रष्टाचारमा सुन्य सहनसिलता कायम गर्दै मुस्कान सहितको सेवा प्रवाह गर्न तथा दैनिक प्रशासनिक काम कारवाहीलाई प्रविधिमैत्री बनाउन आवश्यक बजेटको व्यवस्था गरिएको छ । गाँउपालिकाको विनियोजित वजेटवाट तलब भत्ता भुक्तानी लिने गाँउपालिका र वडा कार्यालयका राष्ट्रसेवक कर्मचारीलाई कामप्रति उत्प्रेरित गराउन तथा जनता प्रति उत्तरदायी बनाउन कार्यसम्पादन सूचकका आधारमा करार अवधी थप गरी कार्यालयको कामलाई निरन्तरता दिन र संचयकोषमा आवद्ध गराउन आवश्यक रकम विनियोजन गरिएको छ ।

(९) शिक्षाको गुणस्तर बृद्धि गरि सवैका लागि निशुल्क शिक्षाको प्रत्याभूति दिलाउन तथा शिक्षा क्षेत्रमा प्रविधिको विकास गरि प्रविधिमैत्री शिक्षालाई क्रमश लागू गर्न जनता सँग अध्यक्ष कार्यक्रम मार्फत आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

(१०) शिक्षा क्षेत्रको सुदृढीकरणका लागि विद्यालय पूर्वाधार निर्माण, प्रविधि जडान, शैक्षिक जनशक्तिको उत्प्रेरणा र मनोवल उच्च राख्न क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरिएको छ । गाउँपालिकाका अनुदान शिक्षकहरुलाई चाडपर्व खर्च वापत एक महिनाको तलव वरावरको रकम र नियमानुसारको पोषाक भत्ता उपलव्ध गराउने कार्यलाई निरन्तरता दिन बजेटको व्यवस्था गरिएको छ ।साथै अनुदान शिक्षकहरुको तलबमान तीन हजारले बृद्धि गरिएको छ ।

(११) सर्वसाधारणको आधारभूत स्वास्थ्य सेवाप्रतिको सहज पहुँच बृद्धि गर्न तथा नेपाल सरकारले निःशुल्क वितरण गर्ने औषधिहरुलाई पालिकामार्फत समेत निशुल्क उपलव्ध गराउने उद्धेश्यका साथ गाउँपालिकावाट सशर्त अनुदान बाहेक रु ६० लाख वजेट विनियोजन गरिएको छ।

(१२) श्रोत अनुमान तथा बजेट निर्धारण समितिले मार्गदर्शन गरी गाउँकार्यपालिकाले निर्णय गरे अनुसार बजेटलाइ लैंगिक उत्तरदायी बनाउन तथा सामाजिक विकासका सूचकहरुमा सकारात्मक सुधार गर्न लक्षीत वर्ग केन्द्रित कार्यक्रमहरु सञ्चालन गर्ने र उपलव्ध साधन र स्रोतको समन्यायिक वितरणका माध्यमबाट जनताका आधारभूत आवश्यकता पूरा गर्न प्राथमिकताका साथ बजेट विनियोजन गरिएको छ ।

(१३) वित्तीय क्षेत्र सुधार, वित्तीय जोखिम न्युनीकरण, राजश्व परिचालन, कर संकलन, अभिलेख व्ववस्थापन, लेखा परिक्षण लगायत व्यवस्थापकीय कार्यका लागि आवश्यक रकम विजियोजन गरिएको छ ।

(१४) विपदवाट प्रभावित व्यक्ति र परिवारलाई आर्थिक सहायता उपलव्ध गराउन विपद् व्यवस्थापन कोष मार्फत खर्च व्यवस्थापन गर्न आवश्यक वजेट विनियोजन गरिएको छ ।

**सभाध्यक्ष महोदय,अव म विनियोजन ऐन अनुसार आय व्ययको योजना तथा कार्यक्रम सहितको विवरण यस सम्मानित सभामा पेश गर्न चाहन्छुः**

(१५) जनस्तरवाट माग भएका उल्लिखित योजना तथा कार्यक्रमहरुलाई राजस्वको सहि प्रयोग हुने गरी मितव्ययी र पारदर्शी रुपमा कार्यान्वयन गरिनेछ । यसमा सवै जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारीहरु, आम लाभग्राही र उपभोक्ताहरुका साथै अन्य सरोकारवालाहरुको इमान्दारी प्रयासको जरुरी पर्दछ । उजार्शील जनप्रतिनिधि र क्षमतावान तथा अनुभवी राष्ट्रसेवक कर्मचारीहरुको सामूहिक प्रयत्नवाट यो लक्ष्य पक्कै पनि हाँसिल हुनेनैछ ।

(१६) अन्त्यमाः आ.व. २०८२।०८३ को वार्षिक बजेट, योजना तथा कार्यक्रम निर्माण प्रकृयामा अहम भूमिका निर्वाह गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, वजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यज्यूहरु, विभिन्न विषयगत समितिका पदाधिकारीज्यूहरु, सवै शाखाका शाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरु र सवै सरोकारवालाहरु धन्यबादका पात्र हुनुहुन्छ । उल्लिखित सवैमा अन्तहृदयदेखि आभार प्रकट गर्न चाहान्छु ।मलाई यो गरिमामय सभामा आर्थिक बर्ष २०८२।०८३ को बजेट, योजना तथा कार्यक्रमको विवरण पेश गर्ने अवसर प्रदान गर्नु भएकोमा अध्यक्षज्यू लगायत सम्पूर्ण टीम प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु ।

(१७) आर्थिक वर्ष २०८२।०८३ को आय व्यय सहितको विनियोजन विधेयक र राजस्वका दर सहितको आर्थिक विधेयक समेत यसैको अनुसूचीको रुपमा रहेको व्यहोरा जानकारी गराउदै विदा हुन्छु ।

**धन्यवाद ।।।**